# सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैक लिमिटेड
## धनगढी, कैलाली
## कार्यकारी प्रमुख खुल्ला प्रतियोगिताद्धारा पूर्ति गर्ने बारेको
## सूचना

प्रथम पटक प्रकाशित मिति : २०६५/९/१७

यस बैंकमा रिक्त रहेको कार्यकारी प्रमुख पदसंख्या १ (एक) खुल्ला प्रतियोगितद्वारा पूर्ति गर्नु पर्ने भएको हुँदा तपसिलको योग्यता पुगेका तथा कुनै वात कसूर नलागेका इच्छुक योग्य नेपाली नागरिकबाट प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र आफूले प्राप्त गरेको नागरिकता तथा शैक्षिक योग्यता,अनुभव खुलेको प्रमाणपत्र लगायतका सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो संलग्न गरी आफ्नो व्यक्तिगत विवरण सहित रीतपूर्वक दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

१. पद :- कार्यकारी प्रमुख ।

२. आवश्यक पद संख्या :- १ (एक) ।

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता:- नेपालस्थित विश्वविद्यालय र वा मान्यताप्राप्त वैदेशिक विश्वविद्यालयबाट आर्थिक, मौद्रिक, बाणिज्य, लेखा, व्यवस्थापन वा वाणिज्य कानून विषयमध्ये कुनै एक विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तिर्ण गरेको हुनु पर्नेछ ।

४. अनुभव :- बैक तथा वित्तीय संस्था वा लघु वित्त सम्वन्धी काम गर्ने संस्थामा कम्तिमा ५ वर्षसम्म अधिकृतस्तरमा कार्य गरेको अनुभव हासिल गरेको ।

५. वाञ्छनीय योग्यता :- ग्रामीण क्षेत्रमा लघुवित्तीय संस्थाहरुमा काम गरेका उम्मेदवारलाई ग्राह्यता दिइनेछ ।

६. तलव तथा सुविधा :- मासिक तलव रु.२५०००/, भत्ता रु.५०००/ र नियमानुसार आवास तथा परिवहन सुविधा ।

७. उमेरको हद :-दरखास्त दिने अन्तिम मितिमा ३० वर्ष पूरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

८. उम्मेदवारको छनौट विधि :- (क) लिखित परीक्षा र (ख) अन्तवार्ता ।

९. सेवा अवधि :- ४ वर्ष । कार्यसम्पादन मूल्यांकनको आधारमा अवधि थप गर्न सकिनेछ । कार्यसम्पादन सन्तोषजनक नभएको देखिएमा जुनसुकै समय पदमुक्त गर्न सकिनेछ ।

१०. वहालवाला अधिकृतको हकमा उमेरको हद लाग्ने छैन ।

११. दरखास्त दस्तूर :- दरखास्तसाथ नेपाल राष्ट्र बैक थापाथलीस्थित यस बैकको खाता नम्वर ७१०३०२ मा, वा नेपाल राष्ट्र बैक धनगढीस्थित खाता नम्वर ७१०३०१ मा रु. ३००/ वुझाएको भौचर पेश गर्नु पर्नेछ ।

१२. उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

१३. दरखास्त पेश गर्ने स्थान :- सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैक केन्द्रीय कार्यालय , धनगढी वा नेपाल राष्ट्र बैक लघुवित्त विभाग वालुवाटार काठमाण्डौ ।

१४. सम्पर्क मिति र स्थान :- दरखास्त दिने अन्तिम मितिको सातौ दिन दरखास्त पेश गरेको कार्यालय ।

१५. लिखित परीक्षा हुने मिति र स्थान :- सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।

१६. दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम नेपाल राष्ट्र बैकको वेभसाइट www. nrb.org.np अन्तर्गत microfinance भित्र राखिएको छ ।

पदपूर्ति समिति

सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैक लिमिटेड

# सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैक लिमिटेड
# धनगढी , कैलाली

<u>कार्यकारी प्रमुख पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम</u>

प्रथमपत्र :- नेपालको ग्रामीण अर्थतन्त्र, गरिवी न्यूनीकरण, लघुवित्त प्रणाली, बैंकिंग तथा वित्तीय प्रणाली र वित्तीय व्यवस्थापन

पूर्णाङ्क १००
समय ३ घण्टा

देहायका विषयबस्तुबाट सातवटा प्रश्न सोधिने छ जसमध्ये पाचवटा प्रश्नको उत्तर दिनुपर्नेछ । सबै प्रश्न समान अंकका हुनेछन् ।

१. ग्रामीण अर्थतन्त्र : नेपालको ग्रामीण अर्थतन्त्रको संरचना, ग्रामीण वित्त स्थिति, ग्रामीण श्रोत साधन र तिनको परिचालन सम्भाव्यता, ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पहुच, बैकिड. पद्धतिको विकास, बजारसम्मको पहुच र सामाजिक सूचाङ्क ।
२. गरिवी न्यूनीकरण : नेपालको ग्रामीण जनसंख्यामा गरिबीको स्थिति, बसाइसराइ, रोजगारीको अवस्था, भूमि तथा सम्पत्तिको बितरण, गरिबीको अवस्था र चुनौतीहरु, गरिबी न्यूनीकरणमा भएका प्रयास र उपलब्धिहरु ।
३. ग्रामीण तथा लघुवित्त : नेपालमा लघुवित्त कार्यक्रम र सो को अवस्था, लघुवित्त उपकरण, लघुवित्त प्रदायक संस्थाहरु र तिनको पहुच, लघुवित्त मोडलहरु, लघुवित्त नीति, सेवा विस्तारमा देखा परेका समस्या र समाधानका उपायहरु, ग्रामीण गरिबी न्यूनीकरण र महिला सशक्तिकरणमा लघुवित्तीय संस्थाहरुको भूमिका, अन्तरिम योजना र चालु वर्षको बजेट एवं मौद्रिक नीतिमा अवलम्बन गरिएका नीति तथा कार्यक्रम ।
४. बैकिङ्ग तथा वित्तीय प्रणाली: नेपालमा बैक तथा वित्तीय प्रणालीको संरचना, वित्तीय उपकरण, वित्तीय मध्यस्थकर्ताहरु,वित्तीय उदारीकरण र वित्तीय प्रणालीमा परेको प्रभाव, विद्यमान समस्या र चुनौतीहरु ।
५. वित्तीय विवरण (Financial statement) : वित्तीय अनुपात विश्लेषण, बासलात तथा नाफा नोक्शान र नगद प्रवाह बिवरण ।
६. संगठन तथा व्यवस्थापन : संगठनात्मक संरचना, अख्तियार प्रत्यायोजन, व्यवस्थापन सूचना प्रणली र अन्य सामान्य सिद्धान्तहरु ।
७. जनशक्ति व्यवस्थापन : जनशक्ति व्यस्थापनका आधारभूत सैद्धान्तिक तथा व्यवहारिक पक्षहरु, जनशक्ति विकास र योजना, उत्प्रेरणा र सहभागिता ।

द्वितीयपत्र :- व्यावसायिक कार्ययोजना

पूर्णाङ्क १००
समय ३ घण्टा

सुदूर पश्चिमाञ्चल ग्रामीण बिकास बैक लिमिटेड (वित्तीय संस्था) को पछिल्लो आर्थिक तथा वित्तीय परिसूचकहरुको आधारमा आगामी ४ वर्षभित्र संस्थालाइ नाफामा लगी व्यावसायिकरुपले दीगो र सक्षम लघुवित्त संस्थाको रुपमा परिणत गराउन आवश्यक कार्ययोजना पेश गर्नुपर्नेछ । सो कार्ययोजना तयार गर्दाका आधार सहित सो को कार्यान्वयन गर्ने रणनीतिक योजना समेत पेश गर्नु पर्नेछ ।